नेपाल सरकार

**उर्जा मन्त्रालय**

ऊर्जा मन्त्रालयबाट स्वीकृत मितिः ०७३।७।४

# जलविद्युत तथा प्रसारण लाइन आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी कार्यबिधि २०७३:

नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७२/११/०६ को निर्णयानुसार स्वीकृत भएको राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र र कार्ययोजना, २०७२ को वुँदा न. ७६ मा उलेल्खित प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी प्रक्रिया सरलीकृत गर्न विद्युत नियमावली २०५० को नियम ९४ 'क' ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो कार्यबिधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यबिधिको नाम "जलविद्युत तथा प्रसारण लाइन आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी कार्यविधि , २०७३" रहेको छ ।

(२) यस कार्यविधिको प्रयोजनको लागि वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी प्रतिवेदन भन्नाले वातावरणीय प्रभाव मुल्यांकन संग सम्बन्धीत क्षेत्र निर्धारण, कार्यसूची ,प्रतिवेदन र पुरक वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन समेतलाई बुझाउने छ ।

(३) यस कार्यविधिको प्रयोजनको लागि प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन भन्नाले प्रारम्भिक वातावरणीय परिक्षण संग सम्बन्धीत कार्यसूची ,प्रतिवेदन र पुरक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन समेतलाई बुझाउने छ ।

(४) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

(५) यो कार्यबिधि प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी काम कारवाही, सिफारीस, निर्णय एवं स्वीकृत गर्ने प्रक्रियामा लागू हुनेछ ।

## २) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको स्वीकृति प्रक्रिया

१. विद्युत विकास विभागको दर्ता शाखामा दर्ता भएका प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदनहरु सिधै योजना महाशाखामा पठाइने छ।

२. प्रतिवेदनदर्ता भएको २ कार्य दिन भित्र सम्बन्धीत पदाधिकारीले प्रतिवेदनको चेक जांच गरि विवरण अपुग भएमा वातावरण शाखाप्रमुखको स्वीकृति लिई अपुग विवरण माग गरिनेछ।

३. आवश्यक कागजातहरु पूर्णरुपमा प्राप्त भएको ३ कार्य दिन भित्र पुनरावलोकन समितिको लागि आवश्यक पर्ने संख्यामा प्रतिवेदनहरु(hardcopy and electronic copy) माग गरिनेछ। साथै प्रतिवेदन प्रस्तुतीकरणको लागि ७ कार्य दिन समय दिई प्रवर्द्धकलाई जानकारी गरिनेछ । प्राप्त प्रतिवेदनहरु पुनरावलोकन समितिका सबै सदस्यहरुलाई समयमा नै उपलब्ध गराइनेछ।

४. प्रतिवेदन अध्ययन गरी पुनरावलोकन समितिका सदस्यहरु द्वारा प्रस्तुतीकरणको समयमा नै प्रतिवेदनमा राय सुझाव उपलब्ध गराउन लगाइनेछ ।

५. समितिका सदस्यहरु बाट प्राप्त राय सुझावहरु एकीकृत (Compile) गरि उक्त राय सुझावहरु २ कार्य दिन भित्र प्रतिवेदन परिमार्जन गराउन सम्बन्धीत प्रवर्द्धकलाई उपलब्ध गराइनेछ।

६. परिमार्जित प्रतिवेदन प्राप्त भएको ७ कार्य दिन भित्र रायसुझावहरु समावेश गरेको/नगरेको चेक जांच गरि प्रतिवेदन सन्तोषजनक भएको पाइएमा उक्त प्रतिवेदन स्वीकृतीको लागि Template सहित ऊर्जा मन्त्रालयमा पठाइनेछ।

७. उर्जा मन्त्रालयद्वारा उक्त प्रतिवेदन प्राप्त भएको मितिले ५ कार्य दिन भित्र स्वीकृत गरिनेछ।

## ३) वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी प्रतिवेदनको सिफारिस प्रक्रिया

१. विद्युत विकास विभागको दर्ता शाखामा दर्ता भएका वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी प्रतिवेदनहरु सिधै योजना महाशाखामा पठाइने छ।

२. प्रतिवेदनदर्ता भएको २ कार्य दिन भित्र सम्बन्धीत पदाधिकारीले प्रतिवेदनको चेक जांच गरि विवरण अपुग भएमा वातावरण शाखा प्रमुखको स्वीकृति लिई अपुग विवरण माग गरिनेछ।

३. आवश्यक कागजातहरु पूर्णरुपमा प्राप्त भएको ३ कार्य दिन भित्र पुनरावलोकन समितिको लागिआवश्यक पर्ने संख्यामा प्रतिवेदनहरु(hardcopy and electronic copy) माग गरिनेछ। साथै प्रतिवेदन प्रस्तुतीकरणको लागि ७ कार्य दिन समय दिई प्रवर्द्धकलाई जानकारी गरिनेछ । प्राप्त प्रतिवेदनहरु पुनरावलोकन समितिका सबै सदस्यहरुलाई समयमा नै उपलब्ध गराइनेछ।

४. प्रतिवेदन अध्ययन गरी पुनरावलोकन समितिका सदस्यहरु द्वारा प्रस्तुतीकरणको समयमा नै प्रतिवेदनमा राय सुझाव उपलब्ध गराउन लगाइनेछ ।

५. समितिका सदस्यहरु बाट प्राप्त राय सुझावहरु एकीकृत (Compile) गरि उक्त राय सुझावहरु २ कार्य दिन भित्र प्रतिवेदन परिमार्जन गराउन सम्बन्धीत प्रवर्द्धकलाई उपलब्ध गराइनेछ।

६. परिमार्जित प्रतिवेदन प्राप्त भएको ७ कार्य दिन भित्र रायसुझावहरु सन्तोषजनक रुपमा समावेश गरेको/नगरेको चेक जांच गरि प्रतिवेदन सन्तोषजनक भएको पाइएमा उक्त प्रतिवेदन आवश्यक कारवाहीको लागि Template सहित ऊर्जा मन्त्रालय पठाइनेछ।

७. उर्जा मन्त्रालय द्वारा उक्त प्रतिवेदन प्राप्त भएको ७ कार्य दिन भित्र राय सहित स्वीकृतिको लागि वातावरण मन्त्रालयमा पठाइनेछ ।

**४) प्रवर्द्धकहरुवाट प्राप्त प्रारम्भिक वातावरणीय परिक्षण २ वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनहरुको पुनरावलोकनको लागि निम्नानुसारको समिति रहनेछ।**

| | | |
|---|---|---|
| - उपमहानिर्देशक, योजना महाशाखा, | विद्युत विकास विभाग | संयोजक |
| प्रतिनिधि, | ऊर्जा मन्त्रालय (वातावरण शाखा) | सदस्य |
| प्रतिनिधि, | वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| प्रमुख, वातावरण शाखा | विद्युत विकास विभाग | सदस्य |
| कानुन अधिकृत, | विद्युत विकास विभाग | सदस्य |
| वातावरण विज्ञ, | | सदस्य |
| प्रतिवेदन हेर्ने अधिकृत | विद्युत विकास विभाग | सदस्य-सचिव |

पुनरावलोकन समितिका संयोजकले आवश्यकतानुसार अन्य पदाधिकारीलाई समेत आमन्त्रित गर्न सक्नेछ।

**५) प्रतिवेदन पुनरावलोकन समितिको लागि वातावरण विज्ञको छनौट:**

प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी प्रतिवेदनहरु पुनरावलोकन गर्ने समितिमा वातावरण विज्ञको छनौट विद्युत विकास विभागको विज्ञको रोष्ट्ररवाट गरिनेछ । वातावरण विज्ञको रोष्ट्रर (Roster) राष्ट्रिय स्तर को दैनिक पत्रिकामा सार्वजनिक सूचना जारी गरी आवेदन माग गरि तयार पारिनेछ। उक्त रोष्ट्रर (Roster) तयार नभए सम्मको लागि वातावरण मन्त्रालयले तयार गरेको विज्ञको रोष्ट्रर वाट छनौट गरिनेछ।

**६) विविध**

क) पुनरावलोकन समितिका सदस्यहरुको वैठक भत्ता सम्बन्धी व्यवस्था नियमानुसार हुनेछ ।

ख) प्रस्तुतिकरणको रुपरेखा (Outline of Presentation) विद्युत विकास विभागको वातावरण शाखाले उपलब्ध गराउनेछ।

ग) स्वीकृति तथा सिफारीसको लागि आवश्यक Template विद्युत विकास विभागले तयार गर्नेछ ।